# स्थानीय राजपत्रप्रकाशन सम्बन्धीकार्यविधि, २०७४

**प्रमाणीकरणमिति :** २०७४/१२/१८

**रोशी राजपत्रमाप्रकाशितमिति :** २०७४/....

## २०७४ सालको कार्यविधि नं.: ०७

**प्रस्तावनाः**नेपालको संविधानतथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (३) बमोजिमगाउँपालिकातथानगरपालिकाले बनाएको ऐन, नियम, निर्देशिका, कार्यविधितथामापदण्ड स्थानीय राजपत्रमाप्रकाशनगर्न अनिवार्य भएकोले,

पहिलो पटक स्थानीय राजपत्रप्रकाशनगर्ने मितिनिर्धारणगर्न, स्थानीय राजपत्रमा रहने विभिन्नभागहरुको व्यवस्थागर्न, स्थानीय राजपत्रको नमूनाढाँचा स्वीकृत गर्न, स्थानीय राजपत्रप्रकाशनगर्नेअधिकारीको सम्बन्धमाव्यवस्थागर्न, स्थानीय राजपत्रको अभिलेख तथामूल्यनिर्धारणर बिक्रीवितरणको प्रबन्धगर्न रोशीगाउँपालिकाको प्रशासकीयकार्यविधि (नियमितगर्ने) ऐन, २०७४ को दफा ४ बमोजिम रोशीगाउँकार्यपालिकाको मिति २०७४।१२।१८मा बसेको बैठकले योकार्यविधि स्वीकृत गरी लागू गरेको छ ।

### भाग- १
### प्रारम्भिक

१. **कार्यविधिको नामः**(१) यस कार्यविधिको नाम"रोशीगाउँपालिकाको स्थानीय राजपत्रप्रकाशन सम्बन्धीकार्यविधि, २०७४" रहेको छ ।

(२) यो कार्यविधितुरुन्तलागुहुनेछ ।

### भाग-२
### स्थानीय राजपत्रको भाग र ढाँचा

२. **स्थानीय राजपत्रको भागहरुः**स्थानीय राजपत्रमाप्रकाशनगर्ने विषयवस्तुलाई अनुसूची -१ बमोजिमकाभागहरुमावर्गीकरणगरिएको छ।

३. **स्थानीय राजपत्रको ढाँचाः**स्थानीय राजपत्रको ढाँचा अनुसूची-२ माउल्लेख भएबमोजिमहुनेछ ।

४. **खण्डको व्यवस्था** :स्थानीय राजपत्रको खण्डउल्लेख गर्दा राजपत्रप्रकाशनभएकोवर्ष (उदाहरणकालागि २०७४ साललाई १, २०७५ साललाई २....), कायम गरी त्यसपछिक्रमशःजतिवर्ष भयो त्यतिनै संख्याउल्लेख गरी प्रकाशनगरिनेछ ।

५. **स्थानीय राजपत्रको संख्याः** (१) स्थानीय राजपत्रको संख्याकायमगर्दा क्रमशः संख्याकायमगरिनेछ ।

(२) उपदफा (१) बमोजिम संख्याकायमगर्दा नेपालीबर्षलाई आधार मानी सो बर्षभरी पारित वानिर्णय भई प्रकाशनभएकाविषयमाक्रमशः संख्या राखीअर्को बर्ष शुरु भएपछिनयाँ संख्याबाट शुरु गरिनेछ ।

६. **स्थानीय राजपत्रमाप्रकाशनगर्ने सामग्रीः**स्थानीय राजपत्रप्रकाशनगर्दा बिषयवस्तुसँग सम्बन्धितभागकोउल्लेख गरी (जस्तै ऐन भएभाग-१ उल्लेख गर्ने) त्यसपछिप्रकाशन सामग्री (ऐन,

नियम, कार्यविधि, निर्देशिका, मापदण्डको प्रस्तावनादेखि अन्तिमसम्म) को सम्पूर्ण व्यहौरा जस्ताको तस्तै राखीप्रकाशनगरिनेछ ।

७. **स्थानीय राजपत्रप्रकाशनगर्ने अधिकारी:**स्थानीय राजपत्ररोशीगाउँपालिकाको प्रमुखप्रशासकीयअधिकृतको आदेशानुसार प्रकाशनहुनेछ । यसरी प्रकाशनगर्दा राजपत्रको अन्त्यमा"आज्ञाले," भन्ने व्यहोरा उल्लेख गरी प्रमुखप्रशासकीयअधिकृतको नाम र गाउँपालिकाको प्रमुखप्रशासकीयअधिकृत भन्ने वाक्यांश राखीवाप्रमुखप्रशासकीयअधिकृतले कुनै अधिकृतस्तरको कर्मचारीलाईअधिकारप्रत्यायोजन गरेको भएत्यस्तो अधिकारीको नाम र निजको पद उल्लेख गरी प्रकाशनगरिनेछ ।

## भाग-३

## स्थानीय राजपत्रकोप्रकाशन, अभिलेख तथावितरण

८. **स्थानीय राजपत्रप्रकाशनको जिम्मेवारी:**(१) कार्यपालिकाले कुनै शाखावाएकाइलाई स्थानीय राजपत्रप्रकाशन सम्वन्धीकामकालागिकार्य विवरण सहितजिम्मेवारी तोक्नेछ ।

(२) उपदफा (१)बमोजिमतोकिएको शाखावाएकाइबाटमात्रस्थानीय राजपत्रप्रकाशनगरिनेछ ।

९. **प्रकाशनपूर्व सम्पादनगर्नुपर्ने:**(१) प्रकाशनहुने सामग्रीगाउँकार्यपालिकाको कानून सम्वन्धीविषय हेर्ने शाखावाएकाइबाट सम्पादनगरिनेछ ।

(२) उपदफा (१)वमोजिमको सम्पादितप्रतिप्रमाणीकरण गरी राजपत्रप्रकाशनगर्ने शाखा/एकाइमापठाइनेछ ।

१०. **स्थानीय राजपत्रको अभिलेख व्यवस्थापन:**(१) प्रमाणीकरणभई आएकासामग्रीको अभिलेखदुरुस्त राखिनेछ ।

(२) उपदफा (१) बमोजिमस्थानीय राजपत्रको अभिलेखव्यवस्थापनकालागिछुट्टैपुस्तिकाखडागरी सोहीपुस्तिकामाप्रकाशनभएका सामग्रीको सिलसिलेवार संख्याखुलाई अद्यावधिक रुपमाअभिलेख राखिनेछ ।

(३) प्रमुखप्रशासकीयअधिकृत वानिजले तोकेको अधिकृतलेउपदफा (२) बमोजिमको अभिलेखपुस्तिकालाईप्रमाणितगर्नेछ ।

११. **नि:शुल्क रुपमाउपलब्ध गराउनु पर्ने** :गाउँपालिकाले स्थानीय राजपत्रको प्रकाशितप्रतिदेहायकानिकायमानि:शुल्क रुपमाउपलब्ध गराउनेछ:

(क) नेपाल सरकार र प्रदेश सरकारको संघीयतथास्थानीयमामिलाहेर्ने मन्त्रालय,
(ख) जिल्ला समन्वय समिति,
(ग) गाउँपालिकाको सूचनातथाअभिलेख केन्द्र,
(घ) सम्बन्धितस्थानीयविभाग/महाशाखा/शाखा,र
(ङ) गाउँपालिकाकाप्रत्येकवडाकार्यालय ।

१२. **वेभ साइटबाट सार्वजनिकगर्नुपर्ने:**गाउँपालिकाबाटप्रकाशित स्थानीय राजपत्रलाई गाउँपालिकाको वेभसाइटमा छुट्टै खण्ड (अलगपोर्टल)निर्माण गरी सोबाट समेत सार्वजनिकगर्नु पर्नेछ ।

१३. **विक्रीवितरणको व्यवस्थातथाबिक्रीमूल्य:**(१) प्रकाशित स्थानीय राजपत्रगाउँपालिकाकावडाहरु र स्थानीयतहको सूचनातथाअभिलेखकेन्द्रतथातोकिएको शाखावाएकाइमार्फत विक्रीवितरणको व्यवस्थामिलाइनेछ ।

(२) स्थानीय राजपत्रको देहायबमोजिमकोबिक्रीमूल्यनिर्धारणगरिएको छ,

**(क) बार्षिक सदस्यबनाई बिक्रीगर्दा:**वडाकार्यालय वागाउँपालिकाबाटबुझिलिने गरीबार्षिक सदस्यताशुल्कलिई बिक्री गरेमाबार्षिक रु. ५५०/- (पाँच सय नब्बेमात्र)

**(ख) खुद्राबिक्रीगर्दा :**स्थानीय राजपत्रको सदस्यनभएको कुनै व्यक्तिवा संघ संस्थाले स्थानीय राजपत्रलिनचाहेमा देहायबमोजिमको फुटकर बिक्रीमूल्यतोकिएको छ ।

- १ देखि ८ पेज सम्म एक प्रतिको रु.५मात्र
- ९ देखि २४ पेज सम्म एक प्रतिको रु.१० मात्र
- २५ देखि ४० पेज सम्म एक प्रतिको रु.१५ मात्र
- ४१ देखि ५६ पेज सम्म एक प्रतिको रु.२०मात्र
- ५७ देखि ७२ पेजसम्म एक प्रतिको रु.२५मात्र
- ७३ देखि ९६पेजसम्म एक प्रतिको रु.५०मात्र
- ९७ देखि बढीजति पेज हुन्छ, त्यसमाथपप्रति पेज २५पैसाका दरले थपशुल्कलिइनेछ ।

**द्रष्टब्य:**माथिउल्लेखित दर कायमगर्दा नेपाल राजपत्रको प्रचलितबिक्रीदरलाई आधार लिइएको छ । स्थानीय सभाले उल्लेखित दरमाऔचित्य र आवश्यकताकाआधारमा परिमार्जन गर्न सक्नेछ ।

१४. **बिक्रीबाटप्राप्तरकम सञ्चितकोषमाजम्मागर्ने :** स्थानीय राजपत्रबिक्रीबापतप्राप्त राजश्वगाउँपालिकाको सञ्चितकोषमाजम्मागरिनेछ ।

१५. **कार्यविधिको व्याख्या:** यस कार्यविधिको कार्यान्वयनगर्ने क्रममाकुनै द्विविधाउत्पन्नभएमागाउँकार्यपालिकाले गरेको व्याख्याअन्तिमहुनेछ ।

१६. **बचाऊ:** यो कार्यविधिलागू हुनुभन्दाअगावै गाउँपालिकाले पारित गरी लागू गरेकाकानुन, ऐन, नियम, निर्देशिका, कार्यविधिवामापदण्ड यसै कार्यविधिबमोजिमप्रकाशनभएको मानिनेछ ।

## अनुसूची-१

(दफा३ सँग सम्बन्धित)

### स्थानीय राजपत्रमाप्रकाशनगर्ने विषयवस्तु र भागहरु

**भाग-१**

यस भागमागाउँ सभाबाटपारित भई सभाको अध्यक्षबाटप्रमाणीकरणभएका ऐन तथासभाकानियमहरु प्रकाशनगरिनेछ ।

**भाग-२**

यस भागमागाउँकार्यपालिकाबाटजारीनियमावली,निर्देशिका, कार्यविधि,मापदण्डतथानेपाल सरकार, प्रदेश सरकार तथाअर्को स्थानीयतहसँगभएको सम्झौताको व्यहोरा प्रकाशनगरिनेछ ।

**अनुसूची- २**

(दफा४तथा अनसूची-१को भाग-१ सँगसम्बन्धित)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

... गाउँपालिका/नगरपालिका

# स्थानीय राजपत्र

खण्डः... संख्याः...मितिः ..../../..

**भाग-१**

**रोशीगाउँपालिका**

ऐनतथा सभाले बनाएको नियमको सम्पूर्ण व्यहोरा

आज्ञाले,
नाम
प्रमुखप्रशासकीयअधिकृत

**अनुसूची २**

(दफा४तथा अनसूची-१को भाग-२ सँग सम्बन्धित)

रोशीगाउँपालिका

# स्थानीय राजपत्र

खण्डः... संख्याः...मितिः ..../../..

**भाग-२**

**रोशीगाउँपालिका**

कार्यपालिकाबाटजारीनियमावली, निर्देशिका, कार्यविधि, मापदण्डतथानेपाल सरकार, प्रदेश सरकार वाअर्को स्थानीयतहसँगभएको सम्झौताको व्यहोरा

आज्ञाले,
नाम
प्रमुखप्रशासकीयअधिकृत